# काठमाडौं जिल्ला अदालत

बबरमहल काठमाडौं

फाँट जिन्सी

पं.स. ०७९/०८०

च.नं. ०८०-३९-०१५०८८

मितिः- २०८०।०६।१९

विषयः- सूचना वेवसाइटमा प्रकाशित गरि दिने सम्वन्धमा ।

श्री सर्वोच्च अदालत,

(सूचना प्रविधि महाशाखा)

रामशाहपथ काठमाडौं ।

उपरोक्त सम्वन्धमा यस अदालतमा विभिन्न मुद्दाहरुमा अभियोगसाथ प्राप्त भएको दशिका मालसामानहरु मिति २०८०।६।१६ मा भएको निर्णय वमोजिम उक्त मालसामानहरु जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ (१) बमोजिम फिर्ता लिन आउने वारेको सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । उक्त सूचना ताहा सम्मानित अदालतको वेवसाइटमा राखी सूचना प्रकाशित गरि दिनु हुन सादर अनुरोध गरिन्छ ।

गोपाल प्रसाद थापा

फैसला कार्यान्वय अधिकारी

<u>बोधार्थ</u>

श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय बबरमहल काठमाडौं:- जानकारीको निमित्त

श्री उच्च अदालत, पाटन, ललितपुरः- जानकारीको निमित्त

श्री काठमाडौं जिल्ला अदालत सूचना प्रविधि शाखाः- यस अदालतको वेवसाइमा प्रकाशित गरि दिनु हुन ।

नोटः-यस अदालतमा पत्राचार गर्दा अनिवार्य रुपमा फाँट नं. मुद्दा नं. चलानी नं. का साथै मिति समेत खुल्ने गरी पत्राचार गरिदिनु हुन अनुरोध छ ।

# काठमाडौं जिल्ला अदालत

# बबरमहल, काठमाडौं

## जिन्सी फाँट

सूचना सूचना सूचना

सूचना प्रकाशित मितिः-२०८०।०६।१९

प्रस्तुत सम्वन्धमा यस अदालतमा विभिन्न मुद्दाहरुमा दशीको रुपमा प्राप्त भई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका मालसामानहरुको व्यवस्थापन गर्नु पर्ने भएकोले कानून र अदालतको फैसलाले फिर्ता दिने ठहरेका उल्लिखित दशीका सामानहरु फिर्ता लिन चाहेमा आफ्नो हक पुग्ने प्रमाण सहित यो सूचना प्रकाशित गरेको मितिले ७ (सात) दिनभित्र सम्बन्धित व्यक्तिले यस अदालतको जिन्सी फाँटमा सम्पर्क राख्नुहोला । यसरी फिर्ता लिन नआए त्यस्तो दशीको सामानहरु जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२(२) वमोजिम लिलाम विक्री गरी सो वाट प्राप्त भएको रकम यस अदालतको धरौटी खातामा जम्मा गरिने ब्यहोरा मिति २०८०।६।१६ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।